# प्रेश विज्ञप्ति

लोक सेवा आयोगको ५७ औ वार्षिकोत्सवको उपलक्ष्यमा आज मिति २०६४ साल जेठ ३१ गतेका दिन आयोगको केन्द्रीय कार्यालय कमलपोखरीमा **"निजामती कर्मचारीको बढुवा : सिद्धान्त र व्यवहार"** विषयक अन्तरक्रिया कार्यक्रमको आयोजना गरियो ।

उक्त अन्तरक्रिया कार्यक्रममा सर्वोच्च अदालतका माननीय न्यायाधीशहरु, नेपाल सरकारका मुख्य सचिव, विभिन्न मन्त्रालयका सचिवहरु, महान्यायधिवक्ता कार्यालयका नायव महान्यायधिवक्ता एवं सह-न्यायाधिवक्ता, अधिवक्ताहरु तथा आयोगका अध्यक्ष, सदस्य तथा अधिकृत कर्मचारीहरुको सहभागिता रहेको थियो । कार्यक्रममा स्वागत मन्तव्य दिंदै आयोगका सचिव श्री कुमारप्रसाद पौडेलले आयोगको निमन्त्रणालाई स्वीकार गरी कार्यक्रममा सहभागी हुनु भएका आमन्त्रित सहभागीहरु प्रति आभार प्रकट गर्नु भयो ।

कार्यकमका सहभागी वक्ताहरुले विद्यमान बढुवा प्रणालीमा देखिएका कमी कमजोरीहरुका कारण सम्बन्धित कर्मचारीहरु मर्कामा परेका, हाल अपनाइएको बढुवा प्रणालीमा कार्यसम्पादन मूल्यांकनको महत्वपूर्ण भूमिका रहने तर सो कार्यसम्पादन मूल्यांकन गर्ने परिपाटी वस्तुनिष्ठ एवं पारदर्शी नभएको एवं अतिरिक्त शैक्षिक योग्यता वापत अंक प्रदान गर्ने प्रावधानका कारण बढुवा प्रणाली समस्याग्रस्त बन्न पुगेकाले सोको निराकरणका लागि कार्यसम्पादन मुल्यांकनलाई सम्पादित काममा आधारित एवं विश्वसनीय वनाउनु पर्ने तथा अन्य बढुवा प्रणालीहरु अपनाउनु पर्ने सम्बन्धमा आ-आफ्नो धारणा राख्नु भयो ।

नेपाल सरकारका मुख्य सचिव डा. भोजराज घिमिरेले संसारभर नै कार्यसम्पादनमा आधारित निजामती सेवाको अवधारणा आएको परिप्रेक्षमा निजामती कर्मचारीको बढुवामा योग्यता प्रणाली नै अपनाउनु उपयुक्त हुने विचार प्रस्तुत गर्नु भएको थियो । कार्यक्रमको अन्तमा आयोगका सम्माननीय अध्यक्ष श्री तीर्थमान शाक्यले सहभागीहरुलाई धन्यवाद दिदै विद्यमान वढुवाका आधारहरुको अंक विभाजनमा सामान्य समायोजन गर्न सके योग्यतामा आधारित बढुवा प्रणाली नै उपयुक्त हुने एवं कार्यसम्पादन मूल्याङ्कन सम्वन्धी कार्यतालिका बनाई अभियानका रुपमा सम्पन्न गर्नुपर्ने धारणा राख्नु भयो ।

उक्त अन्तरकिया कार्यकमको संचालन आयोगका सहसचिव श्री माधवप्रसाद ढकालले गर्नु भएको थियो भने आयोगका उपसचिव श्री चिरन्जीवी खनालले कार्यपत्रको प्रस्तुति गर्नु भएको थियो । आयोगको ५७ औं वार्षिकोत्सवको सन्दर्भमा २०६४ असार १ गते आयोगको केन्द्रीय कार्यालयमा जलपान कार्यक्रमको आयोजना समेत हुने भएकोछ ।